नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

मितिः...................................

## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगले तयार गरेको पन्ध्रौ योजनाको आधार-पत्र र प्रदेश नीति/योजना आयोगले तयार गरेको आवधिक योजनाको आधारपत्रका विषयमा राष्ट्रिय योजना आयोग र प्रदेश स्तरीय योजना आयोगबीच राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा.पुष्पराज कंडेलज्यूको अध्यक्षतामा छलफल सम्पन्न भयो ।

उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यूहरु, सदस्य सचिवज्यू, प्रदेश/नीति योजना आयोगका उपाध्यक्षज्यूहरु श्री सुबोध प्याकुरेल, प्रदेश नं.१, प्रा.डा हरिवंश झा, प्रदेश नं.२, डा. खिमलाल देवकोटा, प्रदेश नं.३, डा. गिरिधारी पौडेल, गण्डकी प्रदेश, डा. प्रकाश श्रेष्ठ, प्रदेश नं.५, डा. पुण्यप्रसाद रेग्मी, कर्णाली प्रदेश र राजेश्वर ज्ञवाली, सुदूरपश्चिम प्रदेशका आर्थिक मामिला मन्त्रालयका सचिवको उपस्थिति रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सहसचिव श्री खोमराज कोइरालाले राष्ट्रिय योजना आयोगबाट तयार भइरहेको नेपालको दिर्घकालिन सोच र पन्ध्रौं योजनाको हालसम्मको तयारीका विषयमा संक्षिप्त प्रस्तुती गर्नुभएको थियो । कार्यक्रममा प्रदेश योजना आयोगका उपाध्यज्यूहरुले आ-आफ्नो प्रदेशमा नीति/योजना आयोगको गठनपश्चात भएका कामहरु र योजना तर्जुमामा हालसम्म भएका उपलव्धिहरु समेटिएको प्रस्तुती गर्नुभएको थियो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलज्यूले प्रदेश योजना आयोग बनेपछि योजना निर्माण र कामले गति लिएको र वार्षिक कार्यक्रम, आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा लगायतका कार्यहरुमा राष्ट्रिय योजना आयोगबाट समन्वय र सहजीकरण हुने बताउनुभयो । साथै उहाँले सही ढङ्गले परियोजना छनौट नहुँदा परियोजना असफल हुने गरेकाले आगामी दिनमा यस्तो समस्या आउन नदिनका लागि प्रोजेक्ट बैंक बनाएर आवश्यक पूर्व तयारीका साथ आयोजना कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

(राधाकृष्ण प्रधान)
सह-सचिव
प्रवक्ता

मिति २०७५/०९/२६ गते

फोनः ४२११०३२, ४२१११४३, ४२११००४, ४२११०५३, ४२११६२९, फ्याक्सः ९७७-१-४२११७००, ईमेलः npcs@npc.gov.np, वेभसाईटः www.npc.gov.np